नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०।०४।३० गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा तीनकुनेस्थित अधिग्रहण गरिएको जग्गाको मुआब्जा तथा काठमाडौं उपत्यकामा सुकुम्बासी व्यवस्थापनसम्बन्धी छलफल भएको छ । उक्त छलफलमा विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, काठमाडौं महानगरपालिकाका प्रमुखज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, सम्बन्धित मन्त्रालयका सचिवज्यूहरु सहित सरोकारवाला निकायको सहभागिता रहेको थियो ।

छलफलको क्रममा सम्माननीय प्रधामन्त्रीज्यूले तीनकुनेमा अधिग्रहण गरिएको जग्गाको मुआब्जा तथा काठमाण्डौं उपत्यकामा सुकुम्वासी व्यवस्थापन जस्ता सार्वजनिक महत्वका विषयमा केन्द्रित हुँदै समस्या समाधानका निम्ति ठोस पहल गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

**२०८० साउन ३० गते, मंगलवर**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np